नौमूले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

प.सं.: २०७८/०७९
च.नं.

## कार्यालय प्रयोजनका लागि घरभाडा लिने सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

(प्रकाशित सूचना मिति: २०७९/०३/०५)

प्रस्तुत विषयमा यस कार्यालयको कार्यालय संचालन प्रयोजनार्थ तपशील अनुसारको स्थानमा तपशील अनुसारको भवन भाडामा लिन पर्ने भएकोले इच्छुक घरधनी, फर्म, संघ संस्थाहरुले सूचना प्रकाशित भएको मितिले/१५ (पन्ध्र) दिन भित्र शिलबन्दी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशील:

१. कार्यालयलाई आवश्यक पर्ने घर नौमूलेको मूख्य सडकको वरिपरी बढीमा ३० (तीस) मिटर भित्र नजिकमा बाटोको सुविधा भएका कम्तिमा १६ (सोह) देखि २० (बीस) कोठा र ३५०० देखि ४००० बर्ग फिटमा पहिलो तल्ला र सोही अनुसार दोस्रो तल्ला निर्माण भएको हुनु पर्नेछ । उक्त घरको कोठाहरुको साईज न्यूनतम १० फिटको हुनु पर्नेछ ।
२. प्रशस्त मात्रमा पानी, विजुली, शौचालय भएको हुनुपर्नेछ ।
३. उक्त घरको नक्सा पास वा अभिलेखिकरण गाउँपालिकाबाट गरेको हुनु पर्नेछ ।
४. पार्किङ्गको सुविधा भएको हुनुपर्नेछ ।
५. घरभाडा दिन ईच्छुक घरधनी, फर्म, संस्थाहरुले आफूले दिन चाहेको दररेट, कर सहितको अंक र अक्षरमा खुलाई सो घर भएको स्थानको जग्गाधनी प्रमाण-पूर्जा, मालपोत तिरेको रसिद, नक्सा पास वा अभिलेखीकरणको प्रमाणपत्र, व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि वा फर्मसस्थाको हकमा फर्म दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर दर्ता लगायतका प्रमाणपत्रका फोटोकपीहरु स्वयमले प्रमाणित गरि यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
६. घरभाडा रकम घरभाडा निर्धारण समितिले तोके अनुसारको हुनेछ र सो रकममा नियमानुसार लाग्ने करकट्टी गरी भुक्तानी दिइनेछ साथै नियमानुसारको पानी, विजुलीको महशुल कार्यालयले भुक्तानी गर्नेछ ।
७. घर भाडा लिने वा नलिने सम्बन्धमा निर्णय गर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।
८. रीत नपुगी वा तोकिएको सुविधा भन्दा कम सुविधा भएको घरधनी, फर्म, संस्थाहरुबाट आएको निवेदन उपर कुनै कारवाही हुने छैन ।
९. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५ को नियम अनुसार वा प्रचलित नियमानुसार हुनेछ ।
१०. विस्तृत विवरण वा जानकारी लिन परेमा यस कार्यालय website वा कार्यालय समयमा आफै उपस्थित भई जानकारी लिन वा बुझ्न सकिनेछ ।

............................
(रिशम बहादुर बुढा)
प्रमुख प्रशासकीय अधिकृत